## कोशी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## विराटनगर, नेपाल

मा. गीता तिम्सिना
मन्त्री
सामाजिक विकास मन्त्रालय

पत्र संख्या : ०८३/०८४

चलानी नं.:

**राष्ट्रिय बाल दिवसका अवसरमा माननीय मन्त्रीज्यूको शुभकामना सन्देश**

नेपालले सन् १९९० सेप्टेम्बर १४ (२०४७ भदौ २९) मा संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि (UNCRC) लाई विना शर्त अनुमोदन गरेको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष भदौ २९ गते हामी राष्ट्रिय बाल दिवस मनाउँदै आएका छौँ। यस सुखद् अवसरमा कोशी प्रदेशलगायत देश तथा विदेशमा रहनुभएका सम्पूर्ण बालबालिकाहरूको उज्ज्वल भविष्य, सुस्वास्थ्य र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। साथै, बालबालिकाको अधिकार संरक्षण र संवर्द्धनका लागि आदरणीय अभिभावक, शिक्षक तथा बालअधिकार क्षेत्रमा क्रियाशील सम्पूर्ण संघ-संस्थाहरूलाई साझा सहकार्यका लागि हार्दिक आह्वान गर्दछु।

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। नाम र राष्ट्रियताको पहिचान, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पोषण, उचित स्याहार, खेलकुद तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक संविधानले सुनिश्चित गरेको छ। कोशी प्रदेश सरकार प्रदेश कानून, संघीय कानुन र संविधानको मर्मअनुरूप प्रदेशभित्रका प्रत्येक बालबालिकाको अधिकारलाई व्यवहारमै रूपान्तरण गर्न दृढ संकल्पित छ।

हिमाल, पहाड र तराईको विशिष्ट भौगोलिक विविधता बोकेको हाम्रो कोशी प्रदेशमा बालबालिकाका सवालहरूलाई सम्बोधन गर्न प्रदेश सरकारले विभिन्न विषयहरूलाई उच्च प्राथमिकतामा राखेको छ। गुणस्तरीय शिक्षा र प्रविधिमा पहुँच विस्तारका लागि विकट हिमाली तथा पहाडी भेगदेखि तराईका विपन्न बस्तीसम्मका बालबालिकालाई विद्यालय शिक्षामा समान पहुँच, दिवा खाजा कार्यक्रमको निरन्तरता र आधुनिक सूचना प्रविधिसँग जोड्ने कार्यलाई तीव्रता दिइएको छ। स्वास्थ्य र पोषण सुरक्षाका लागि कुपोषण न्यूनीकरण गर्न पोषणमैत्री कार्यक्रम, नियमित खोप, मानसिक स्वास्थ्य परामर्श तथा किशोरीहरूका लागि आइरन-फोलिक एसिड वितरणजस्ता स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइएको छ भने सामाजिक कुरीति र लैंगिक हिंसाको अन्त्य गर्न बालविवाह, बालश्रम, बेचबिखन तथा लैंगिक हिंसाजस्ता गैरकानुनी एवं अमानवीय अभ्यासहरूलाई जरैदेखि उखेल्न समुदाय देखि विद्यालयस्तरमै किशोरी शसक्तीकरण, सक्षम छोरी कार्यक्रमका माध्यमबाट सचेतना अभिवृद्धि र कानुनी साक्षरतालाई सशक्त बनाइएको छ।बालमैत्री स्थानीय शासनका लागि

Email : gitatimsina.koshi@gmail.com

मा. गीता तिम्सिना
मन्त्री
सामाजिक विकास मन्त्रालय

प्रदेशका स्थानीय तहहरूलाई पूर्ण रूपमा बालमैत्री स्थानीय तह घोषणा गर्ने अभियानलाई प्रवर्द्धन गर्न स्थानीय तहसंग साझेदारीमा विभिन्न कार्यक्रमहरु गर्दै जाने नीति लिईएको छ।

बालबालिका आजका साझेदार र भोलिका नेतृत्वकर्ता हुन्। उनीहरूको उचित पालनपोषण, संरक्षण र क्षमता विकासमा आज गरिने लगानीले नै कोशी प्रदेशको समृद्ध र सुरक्षित भविष्यको आधार तयार गर्दै मुलुकको समग्र विकासमा टेवा पुऱ्याउँछ। तसर्थ, घर, विद्यालय र सिङ्गो समाजलाई भयमुक्त तथा बालमैत्री बनाउने दायित्व हामी सबैको साझा हो।

अन्त्यमा, राष्ट्रिय बाल दिवसको यस विशेष अवसरमा कोशी प्रदेशका कुनै पनि बालबालिका आफ्ना नैसर्गिक अधिकार र अवसरहरूबाट वञ्चित हुन नपरोस् यस दिवसले हामी सबैलाई बालबालिकाको हक, हित र संरक्षणमा अझ समर्पित हुन नयाँ ऊर्जा र प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

धन्यवाद।

गीता तिम्सिना
मन्त्री

मिति : २०८३ भाद्र २९

Email : gitatimsina.koshi@gmail.com